# डोल्पा जिल्ला अदालत

दुनै, डोल्पा

☎ ०८७-५५००७७
५५०१८१

पत्र संख्या ०७७/०७८
चलानी नं. ६८४

मिति :-२०७८/०३/०७

विषयः- सेवा संकुचन सम्बन्धमा

श्री सर्वोच्च अदालत
रामशाहपथ, काठमाडौं।

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरस(COVID-19) को दोश्रो लहरको संक्रमण यस जिल्लामा न्यूनीकरण हुँदै आएकोले जिल्लाभर लागू हुँदै आएको निषेधाज्ञा खकुलोषारी मिति ०७८/०३/०८ गते विहान ४.०० वजे देखि ०७८/०३/१४ गते राती १२.०० वजे सम्म लागू हुने गरी जिल्ला प्रशासन कार्यालय डोल्पाबाट जिल्लाभरी निषेधाज्ञा जारी भएको परिप्रेक्षमा यस अदालतमा आउने सेवाग्राहीलाई पर्न जाने आगमनको असुविधाले अदालतको कामकारवाहीमा समेत प्रभावित हुने एवं सेवाग्राही तथा कर्मचारीलाई हुन सक्ने संक्रमणको जोखिमलाई न्यूनिकरण गर्न यस अदालतबाट हाल प्रवाह भएका सेवालाई निषेधाज्ञाको अवधिभरको लागि संकुचन गरी मिति २०७८/०३/०७ मा वार-वेन्च तथा सरकारी वकिलको संयूक्त बैठकवाट देहाय बमोजिम गर्ने निर्णय भएकोले सोको जानकारीको लागि अनुरोध गर्दछु।

निर्णयहरुः-

१. निषेधाज्ञाको निवेदन दर्ता तथा प्रारम्भिक सुनुवाई, घरेलुहिंसाको फिरादपत्र दर्ता,अभियोगपत्र दर्ता, वयान तथा थुनछेक आदेशको सुनुवाई गर्ने कार्य वाहेक अन्य सेवा स्थगन गर्ने।
२. कोभिड-१९ सँग सम्वन्धित र बन्दिप्रत्यक्षिकरणको निवेदनको दर्ता तथा सोंको सुनुवाई गर्ने।
३. मुद्दा फिर्ता, मिलापत्र, डिसमिस वा तामेली वा कसूर निर्धारण भै सजाय निर्धारण नभएका मुद्दाको सुनुवाई गर्ने।
४. थुनुवा मुद्दाको सुनुवाई गर्ने।

५. एकतर्फि पक्ष रहेको दुनियावादी देवानी तथा फौजदारी मुद्दामा पक्षले मुद्दा हेरी पाउँ भनी परेका मुद्दाको सुनुवाई गर्ने।

६. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमको निवेदनमा सुनुवाई गर्ने।

७. बहसको क्रममा उपस्थित सरकारी वकिल,कानून वयवसायी,मुद्दाको पक्ष वा निजको तर्फबाट उपस्थित एकजना व्यक्ति समेतले स्वास्थ्य सुरक्षाको न्यूनतम मापदण्ड अनिवार्य रुपले पालना गर्नुपर्ने छ।

८. म्याद थप अनुमति लिँदा पक्षको एण्टिजिन वा पिसिआर नेगेटिभ भएको हुनुपर्ने।

९. पक्राउपूर्जि जारी वा जरुरी पक्राउ पूर्जिको अनूमति दिने।

१०. कर्मचारीको भिडभाड हुन नदिन कर्मचारी आलोपालो गरी कार्यालय संचालन गर्ने।

११. अदालत वन्दावन्दिको अवधिका म्याद वा हदम्यादका सम्वन्धमा सम्मानित सर्वोच्च अदालतबाट निर्णय भए बमोजिम हुने।

२०७८।१।८

मोहनप्रसाद बेलवासे

श्रेस्तेदार

श्रेस्तेदार (उपसचिव)

वोधार्थः

श्री उच्च अदालत, सर्खेत

श्री उच्च अदालत सर्खेत, जुम्ला इजलास, जुम्ला